# ललितपुर उप महानगरपालिका कार्यालय

**खरिद इकाई**

पुल्चोक, ललितपुर

## सःशुल्क पार्किङ्ग सम्बन्धी

## शिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७१/०७/२५**

**बोलपत्र बुझाउने अन्तिम दिन : २०७१/०८/०९ गते दिनको १२:०० बजे भित्र**

यस ललितपुर उप महागनरपालिका क्षेत्र भित्रका तपसिल बमोजिम प्याकेज नं. १ देखि प्याकेज नं. ५ अन्तर्गतका विभिन्न स्थानहरुमा सःशुल्क पार्किङ्ग संचालन गर्न **मिति ०७४ आषाढ मसान्त सम्म**का लागि शिलवन्दी बोलपत्र आव्हान गरी ठेक्कामा दिने निर्णय भएको हुंदा प्रथम पटक सूचना प्रकाशित मितिले १५ औ दिन दिनको १२:०० बजे भित्र आवश्यक कागजात सहित यस कार्यालयले तोकेको निम्न शर्त तथा न्युनतम अंकमा नघटाई अनिवार्य VAT मा दर्ता भएका इच्छुक व्यक्ति वा संघसंस्था, फर्म, कम्पनी, इजाजत प्राप्त क्लबहरुबाट रितपुर्वकको गोप्य बोलपत्र पेश गर्न आव्हान गरिन्छ । बोलपत्र फाराम यस कार्यालयको राजश्व प्रशासन महाशाखाबाट कार्यालय समयमा रु. ३००/– (तीन सय रुपैयां) मा फिर्ता नहुने गरी खरिद गर्न सकिनेछ । प्रत्येक प्याकेजको बोलपत्र छुट्टाछुट्टै पेश गर्नुपर्नेछ र खामको बाहिर पट्टी प्रष्ट बुझिने गरी ललितपुर उपमहानगरपालिका कार्यालय ल.पु., पुल्चोक, प्याकेज नं उल्लेख गर्नुपर्नेछ । बोलपत्रदाताले आफुले कवोल गरेको अंक र अक्षरमा (VAT बाहेक) प्रष्ट लेख्नु पर्नेछ  र अंक र अक्षर फरक परेमा वा प्रष्ट नभएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । बोलपत्र दाताले वार्षिक कवोल अंक (VAT बाहेक) को ५% (पांच प्रतिशत)ले हुने धरौटी वापतको रकम यस कार्यालयको ल.पु. गावहाल स्थित **ल.पु.उ.म.न.पा. ग.३ स.का. ६ धरौटी ५१–१२८३६ नं. धरौटी खाता**मा जम्मा गरेको सक्कल भौचर संलग्न  गर्नुपर्नेछ । बोलपत्र प्रथम पटक प्रकाशित मितिले १५औं दिन अर्थात बोलपत्र दाखिला गर्ने अन्तिम दिन दिनको २:०० बजे बोलपत्र दाताहरुको रोहवरमा खोलिने छ । सो दिन विदा परेमा सोको भोलिपल्ट खोलिने  छ । म्याद नाघी वा रित नपुर्‍याई पेश गरेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन । ऐन नियम बमोजिम बुझाउनु पर्ने सम्पुर्ण कर बोलपत्र दाता स्वयंले बुझाउनु पर्नेछ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । बोलपत्र स्वीकृती पश्चात सम्झौता गर्ने समयमा आफुले कवोल गरेको अंकको मासिक दुई महिनाको मासिक शुल्क बराबरको धरौटी रकम दाखिला गर्नुपर्नेछ । दाखिला गर्न नआएमा राखिएको धरौटी जफत गरिनेछ । यस सूचनामा उल्लेख नभएका कुराको हकमा प्रचलित ऐन, नियम र बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । यस सम्बन्धी थप जानकारीका लागि यस कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**तपसिल**

| प्याकेज नं. | विवरण | प्रस्तावित न्युनतम वार्षिक शुल्क (VAT बाहेक) | प्रस्तावित न्युनतम वार्षिक शुल्क (VAT सहित) |
|---|---|---|---|
| १ | ल.पु. वडा नं. १३, कुसुन्ती स्थित यातायात व्यवस्था कार्यालय अगाडिको चक्रपथको दुवै तर्फको खाली स्थान | रु. ९,००,०००/–<br>(नौ लाख रुपैयां) | रु. १,०१७,०००/–<br>(दश लाख सत्र हजार रुपैयां) |
| २ | ल.पु. जावलाखेल देखि कुमारीपाटी सम्म जम्मा १० स्थानमा | रु. ७२०,०००।–<br>(सात लाख बीस हजार रुपैयां) | रु. ८१३,६००।–<br>(आठ लाख तेह्र हजार छ सय रुपैयां) |
| ३ | ल.पु. वडा नं. १२, लगनखेल स्थित न्हुःपोखरीको वरिपरि जम्मा ३ स्थानमा | रु. ३,८०,०००।–<br>(तीन लाख अस्सी हजार रुपैयां) | रु. ४२९,४००।–<br>(चार लाख उनान्तीस हजार चार सय रुपैयां) |
| ४. | ल.पु. जावलाखेल स्थित खानेपानी संस्थान अगाडि | रु. १९२,००० ।–<br>(एक लाख बयानब्बे हजार रुपैयां) | रु. २१६,९६० ।–<br>(दुई लाख सोह्र हजार नौ सय साठ्ठी रुपैयां) |
| ५. | ल.पु. वडा नं. १२ लगनखेल स्थित निम्न स्थानहरु<br>१. हनुमान स्थानको प्राङ्गण<br>२. वटुक भैरव मन्दिर अगाडि<br>३. स्काउट भवन अगाडि | रु. १९२,००० ।–<br>(एक लाख बयानब्बे हजार रुपैयां) | रु. २१६,९६० ।–<br>(दुई लाख सोह्र हजार नौ सय साठ्ठी रुपैयां) |